प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३

# अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावना:** प्रदेशको भौगोलिक परिवेशले उपलब्ध गराएको बसोबासिय अवसरमा वातावरणीय प्रतिकुलताको कारण केही भू-भागमा पातलो बस्ती छ । कृषि उत्पादनका लागि प्रतिकुल हावापानी भएको क्षेत्रमा पर्यटकीय लगायत उद्योग, कलकारखानाहरुको उचित विकास र विस्तार गर्ने प्रयासलाई निरन्तरता दिई रहँदा समेत केही भू-भागमा निश्चित जातजाती मात्रको बसोबास थोरै संख्यामा छ । उनीहरुको समूदाय विस्तार हुनुको सट्टा कृषि योग्य र सुविधा सम्पन्न स्थानको खोजिमा स्थानान्तरण हुँदै अल्पसंख्यक र लोपोन्मुख हुने क्रम बढेको हुँदा सोही स्थानमा बसोबास गर्न उत्प्रेरित गर्ने उद्देश्यले यस्ता अल्पसंख्यक जाती/ जनजातीले मागेको कृषि सेवा सम्बन्धी कार्यक्रमलाई विशेष प्राथमिकताका साथ उपलब्ध गराउन प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले "अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" बनाई लागू गरेको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा,-

(क) **"आवेदक वा प्रस्तावक"** भन्नाले अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रम माग गर्दै प्रस्ताव पेश गर्न ईच्छुक अल्पसंख्यक आदिवासी/ जनजातीहरु समेटिएको लक्षित वर्गको समुह सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रम सम्बन्धी स्वीकृत वार्षिक बजेट र कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ङ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर तीन सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ज) **"लक्षित वर्ग"** भन्नाले आदिवासी जनजाती (थामी, माझी, चेपाङ्ग आदि) सम्झनु पर्छ ।

(झ) "साझेदार संस्था" भन्नाले छनौट भएको र निर्देशनालयसँग द्विपक्षीय सम्झौता गर्ने लक्षित वर्गको समुह सम्झनु पर्छ ।

३. <u>उद्देश्य</u>ः कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) रोजगारीको अवसर श्रृजना गर्ने,

(ख) आय आर्जनको श्रोत श्रृजना गरी अल्पसंख्यक लक्षित वर्गको समूहलाई त्यस तर्फ लाग्न प्रोत्साहन गर्ने,

(ग) अल्पसंख्यक लक्षित वर्गको समूह मार्फत जीवन स्तरमा सुधार गर्ने,

(घ) अल्पसंख्यक लक्षित वर्गलाई पशुपालन व्यवसायमा लाग्न प्रोत्साहन गर्ने ।

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. <u>मूल्याङ्कन समिति</u>ः प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानुन अधिकृत (सम्भव भएसम्म) | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा. निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

<u>नोटः</u> समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. <u>अनुगमन तथा मूल्याङ्कनः</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रकृया

६. <u>कार्यक्रम सञ्चालनः</u> (१) प्रदेश नं ३ को सबै जिल्लामा यो कार्यक्रम लागु हुनेछ। यस कार्यक्रम निर्देशनालयले स्थान पहिचान गरी सञ्चालन गर्न सकिनेछ ।

(२) सम्बन्धीत स्थानको कार्यालयले लक्षित वर्गको समुह गठन गर्नेछ र विगतमा सो प्रकृतिको समुह गठन भएको भए सो को अभिलेख समेत राख्नुपर्नेछ ।

(३) समुहले जिबिकोपार्जन हुने क्षेत्र (बाख्रा/ भेडा/ बुंगुर/ ग्रामीण कुखुरा/ हाँस/ माछा) स्पष्ट रुपमा खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ ।

**प्रस्ताव आह्वानः** निर्देशनालयले यस अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न राष्ट्रिय दैनिक पत्रिकामा ३० दिनको म्याद दिई अनुसूची -१ बमोजिम सूचना प्रकाशन गर्नु पर्नेछ । माग अनुसारको प्रस्ताव नपरेमा निर्देशनालयले पूनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

८. **प्रस्ताव दर्ताः** ईच्छुक लक्षित वर्गले दफा ७ बमोजिमको समय अवधी भित्र अनुसूचि -२ बमोजिम आवेदन र अनुसूची -३ बमोजिम कार्ययोजना तयार गरी निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

९. **प्रस्तावकको छनौटः** साझेदार संस्थाको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन समितिले अनुसूची -४ बमोजिमको मापदण्डका आधारमा प्रस्तावकको छनौट गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ,

(ख) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१०. **प्रस्तावकलाई जानकारीः** छनौट भएका प्रस्तावकलाई निर्देशनालयले निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

११. **सम्झौताः** (१) प्रस्ताव स्वीकृत भएका साझेदार संस्थाले जानकारी प्राप्त गरेको १५ दिनभित्र अनुसूची -५ बमोजिम निर्देशनालयसँग सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समय सिमाभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१२. पशुपालन सम्बन्धी आवश्यक न्युनतम क्रियाकलापहरू समेटिने गरी साझेदार संस्थाले पेश गरेको कार्ययोजनामा भए अनुसार अनुमानित लागत समेतको विवरण सम्झौतामा उल्लेख गरिने छ । सोही बमोजिम बढिमा रु. २ लाख अनुदान रकम उपलब्ध गराईने छ ।

१३. अनुदान रकम प्राप्त गर्न साझेदार संस्थाले निर्देशनालय/ कार्यालयलमा सम्झौता बमोजिमको बिल/ भर्पाई पेश गर्नु पर्नेछ ।

१४. बिल भर्पाई प्राप्त भए पश्चात निर्देशनालय/ कार्यालयले स्थलगत अनुगमन गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा साझेदार संस्थाको बैंक खातामा एकमुष्ट रकम उपलब्ध गराउने छ।

१५. कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोवार विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार गरिने छ ।

१६. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## विविध

१७. प्रगति प्रतिवेदनः (१) साझेदार संस्थाले मासिक रुपमा प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

१८. कार्यक्रमको प्रभावकारीताः कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गरी दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. संशोधनः यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२०. प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

अनुसूची -१

(दफा ७ सँग सम्बन्धित)

<u>कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना</u>

प्रथम पटक प्रकाशित मितिः .........

आर्थिक वर्ष ... ... ... को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रम रहेकोले उक्त कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार संस्थाहरुबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले तीस दिनभित्र तोकिएको ढाँचामा आवेदन र कार्ययोजना सहित तपशिल बमोजिमका कागजातहरु संलग्न राखी कार्यालयमा दरखास्त दिनु हुन सूचित गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिलः</u>

१. अनुसूची-२ अनुसारको आवेदन फाराम,

२. अनुसूची-३ बमोजिमको कार्ययोजना,

३. समुह दर्ता प्रमाण-पत्र,

४. अन्य प्रमाणित-पत्रहरु (तालिम, शैक्षिक योग्यता, जग्गा भाडाको सम्झौता पत्र आदी),

५. समूहसँग रहेको पशु संख्याको विवरण पुष्टि हुने कागजात,

६. कार्यक्रम सञ्चालन गर्ने स्थलको फोटो।

<u>नोटः</u> कार्यक्रम सम्बन्धी विस्तृत विवरण कार्यालयलको सूचना पाटी हेर्न सकिने छ ।

सरकार
कृषि तथा सहकारी मन्त्रालय
हेटौंडा, प्रदेश नं. ३
मकवानपुर, नेपाल

अनुसूची -२

(दफा ८ सँग सम्बन्धित)

आवेदन पत्र

मितिः ... ... ... ... ...

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
प्रदेश नं. ३, हेटौंडा, मकवानपुर ।
मार्फत,
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
... ... ... ... ... ... ...

विषयः- अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा मिति ............... मा ................. प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रममा सहभागी हुन इच्छुक रहेकोले निम्नानुसार कागजात राखी निवेदन पेश गरेको छु। ।

तपसिलः

१. अनुसूची -३ अनुसारको साझेदार संस्थाको संक्षीप्त कार्ययोजना (माग गरेको पशुपालन क्षेत्र र आवश्यक बजेट समेटिनु पर्नेछ),
२. समुह दर्ता प्रमाण-पत्र,
३. अन्य प्रमाणित-पत्रहरु (जग्गा भाडाको सम्झौता पत्र आदी),
४. समूहसँग रहेको पशु संख्याको विवरण पुष्टि हुने कागजात,
५. कार्यक्रम सञ्चालन गर्ने स्थलको फोटो ।

अध्यक्षकोः

नामः
पदः
दस्तखतः
मितिः
संस्थाको छापः

अनुसूची -३
(दफा ८ सँग सम्बन्धित)
<u>समूहले पेश गर्नु पर्ने कार्ययोजना विवरण</u>

कार्यक्रमको नामः
समूहको नामः
ठेगानाः
मितिः
(रकम रु. हजारमा)

| क्र.सं. | कृयाकलाप | लक्ष्य | लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| | जम्मा | | | |

<u>निवेदक</u>
दस्तखतः
मितिः
नामः
पदः

अनुसूची -४

(दफा ९ को उपदफा (क) सँग सम्बन्धित)

प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क.सं | मूल्याङ्कनका आधारहरु | अधिकतम अङ्क | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक योजना | ४० | |
| २ | समुहमा संदस्य संख्या<br>२.१. १० जना वा सो भन्दा बढि<br>२.२. १० जना भन्दा थोरै | <br>१०<br>८ | |
| ३ | कार्यक्रमको दिगोपन | १० | |
| ४ | सामाजिक पक्ष (अल्प संख्या) | १० | |
| ५ | भौगोलिक पक्ष<br>५.१. दुर्गम क्षेत्र भए<br>५.२. सुगम क्षेत्र भए | <br>१०<br>८ | |
| ६ | उत्पादन योजना | १० | |
| ७ | बजार योजना | १० | |
| जम्मा | | १०० | |

अनुसूची -५

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

सम्झौता-पत्र

आर्थिक वर्ष ... ... ... ...मा संचालन हुने अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रमको लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश नं. ३, हेटौंडा (यसपछि पहिलो पक्ष भनिने) र छनौट भएको साझेदार संस्था, ... ... ... ... (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता गरी एक/एक प्रति बुझि लियौं/दियौं।

तपसिलः

१. प्रथम पक्षले लागत अल्पसंख्यकको मागमा आधारित विशेष कार्यक्रम सञ्चालनका लागि कुल लागत रु. ... ... ... ... ... मध्येको एक प्रतिशत कन्टेन्जेन्सी कट्टा गरी दोश्रो पक्षलाई रु. ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ...) अनुदान/सामाग्री प्रदान गर्नेछ ।

२. प्रथम पक्षले कार्य सम्पन्न पश्चात बैंक खाता मार्फत भुक्तानी दिइनेछ वा कार्य सम्पन्न भए पश्चात आवश्यक कागजातहरु पेश गरी एकमुष्ठ बैंक खाता मार्फत भुक्तानी दिन सक्नेछ ।

४. पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोश्रो पक्षले मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेमा निजबाट सो रकम असुल उपरको लागि प्रचलित ऐन/नियम बमोजिम आवश्यक कारवाही हुनेछ ।

५. व्यवसायबाट उत्पादित वस्तुको बजारीकरण दोश्रो पक्ष स्वयंलेनै गर्नु पर्नेछ ।

६. पहिलो पक्षले अनुदान प्राप्त गर्ने दोश्रो पक्षको नियमित रुपमा अनुगमन गर्नेछ ।

७. दोश्रो पक्षले मासिक रुपमा प्रगति विवरण प्रथम पक्षलाई दिनु पर्नेछ ।

८. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने जुनसुकै भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं हुनेछ ।

९. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोरा प्रचलित कानून बमोजिम हुनेछ ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| निर्देशनालयको तर्फबाट सही गर्नेको | साझेदार संस्थाको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| निर्देशनालयको छापः | संस्थाको छापः |
| रोहवर | रोहवर |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| निर्देशनालयको छापः | संस्थाको छापः |

इति सम्वत् ... ... ... ... ... साल ... ... ... ... महिना ... ... ... गते रोज ... शुभम् ।